नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १०८ २०८३ साल मंसिर ९ गते बुधबार (25 Nov 2026 Wednesday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : कोप-३१ निष्कर्षविहीन, पर्वतीय.. ३ पृष्ठमा : प्रधानमन्त्री शाहको भारत... ३ पृष्ठमा : हसिनाको डिसेम्बर १६ मा...

भोट बैंकको रुपमा मात्र प्रयोग हुँदै आएका दलित समुदायलाई स्थानीय निर्वाचनमा उम्मेदवार बनाउन माग



दैनिक समाचारदाता
राजविराज, ८ मंसिर ।

विभिन्न राजनीतिक दलहरुले निर्वाचनका समयमा दलित समुदायलाई भोट बैंकको रुपमा मात्र प्रयोग गरिरहेको भन्दै आउँदो स्थानीय निर्वाचनमा दलित समुदायबाट पनि उम्मेदवार बनाउनु पर्ने माग गरिएको छ ।

नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह र सचिव सनत मण्डललाई मंगलबार दलित सरोकार मञ्चका अध्यक्ष युक्तिलाल मरिक, नेपाल राष्ट्रिय मुसहर संघका गंगा सदा, नेपाल राम समाज सप्तरीका केन्द्रिय अध्यक्ष प्रथम लाल राम, नेपाल खत्वे समाज सप्तरीका अध्यक्ष हरी मण्डल, डोम उत्थान समाज सप्तरीका उपाध्यक्ष धर्मदेव मरिक, नेपाल तत्मा समाज सप्तरीका सदस्य कारी दास, दलित उत्थान मञ्चका अध्यक्ष वौवालाल शर्मा खत्वे, मुक्त हरवा चरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदा, नेपाल भूमी अधिकार मञ्चका बासुदेव दास, नेपाल राउत मेहतर समाजका सचिव खगेन्द्र मेहतर र पीडित उत्थान यूवा क्लवका सचिव उपेन्द्र मरिकले संयुक्त रुपमा ध्यानाकर्षण पत्र बुझाउँदै उक्त माग गरेका हुन् ।

दलित अगुवाहरुले ती माग राख्दै आगामी स्थानीय तहको निर्वाचनमा दलित समुदायको समानुपातिक उम्मेदवारी, चक्रीय प्रणाली र मतदाता नामावली नागरिकता विशेष अभियान सञ्चालन सम्बन्धमा बुक्राइएको ज्ञापनपत्र पत्रमा उल्लेख छ ।

सोही ज्ञापनपत्रमा नेपालको संविधान २०७२ को प्रस्तावना, धारा १८ (समानताको हक), धारा ४० (दलितको हक) र धारा ४२ (सामाजिक न्यायको हक) ले राज्यका सम्पूर्ण अङ्ग, संरचना र राजनीतिक प्रक्रियामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक समावेशी सहभागिताको स्पष्ट संवैधानिक ग्यारेन्टी गरेको स्मरण गराउँदै संवैधानिक र कानुनी प्रावधानका बाबजुद स्थानीय तहको निर्वाचन र सत्ता सञ्चालनमा दलित समुदाय, खासगरी तराई-मधेशका अति-सीमान्तकृत दलितहरूको कार्यकारी नेतृत्वमा पहुँच अत्यन्त निराशाजनक र उथलपुथलविहीन रहेको जनाइएको छ ।

दलगत टिकट वितरणमा विभेद र गेटकिपिङ हुने गरेको भन्दै ज्ञापनपत्रमा प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ मुख्य राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा दलितहरुलाई 'जित्न नसक्ने" वा "क्षमता नभएको" मिथ्या आख्यान सिर्जना गरी उम्मेदवारीको टिकटबाटै वञ्चित गर्ने गरेका◌ै आरोप लगाइएको छ ।

गत स्थानीय निर्वाचनमा कानुनी रूपमा अनिवार्य गरिएको दलित महिला वडा सदस्य पदमा समेत प्रमुख दलहरूले १२४ वडामा उम्मेदवार नै खडा नगरेको तथ्याङसहित आरोप लगाइएको छ ।

बाँकी तीन पृष्ठमा

रेलसँगै हवाई सेवा पनि सञ्चालन गर्न आग्रह



दैनिक समाचारदाता
जनकपुर, ८ मंसिर ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले अयोध्या र जनकपुरधामबिच रेलसँगै हवाई सेवा पनि सञ्चालन गर्न आग्रह गरेका छन् ।

अयोध्या-जनकपुरधाम साप्ताहिक रेल सेवा शुभारम्भ कार्यक्रममा मंगलबार बोल्दै मुख्यमन्त्री यादवले प्रधानमन्त्री बालेन्द्र साहलाई यस्तो आग्रह गरेका हुन् ।

अयोध्यादेखि जनकपुरधामसम्म रेल सेवा सञ्चालन हुनु केही वर्षअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी

बाँकी अन्तिम पृष्ठमा

हात्तीको आक्रमणबाट यूवक घाइते

दैनिक समाचारदाता
राजविराज, ८ मंसिर ।

सप्तरीमा एक युवक हात्तीको आक्रमणबाट घाइते भएका छन् । जिल्लाको अग्नीसाईर कृष्णासवरन गाउँपालिका २ गुम्बा टोलमा मंगलबार विहान हात्तीको आक्रमणमा परी स्थानीय ३५ वर्षिय गजेन्द्र साह गम्भीर घाइते भएका हुन् ।

मंगलबार विहान खेतमा धान खाइरहेको हात्तीलाई धपाउन पुगेका साह हात्तीको आक्रमण परेका थिए । वडा नं. २ का अध्यक्ष पशुपति प्रसाद चौधरीका अनुसार साहको हात भाँचिएको तथा शरीरको विभिन्न भागमा गम्भीर चोट लागेको छ ।

हात्तीको आक्रमणमा परि अचेत अवस्थामा फेला परेको साहलाई स्थानीयले तत्कालै उद्धार गरि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाएका थिए । तर उनको अवस्था गम्भिर रहेकाले ल्भस्अस्पतालले भर्ना लिन नमानेपछी छिन्नमस्ता अस्पतालमा भर्ना गरिएको थियो । हाल उनको अवस्था मध्यम रहेको घाइतेका आफन्तहरुले जानकारी दिएका छन् ।

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं ।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

कार्यकाल सम्पन्न हुन लाग्दा पनि डम्पिङ साइट बन्न सकेन

स्थानीय तहको कार्यकाल पाँच वर्षे कार्यकाल सकिन्न अब ६ महिना मात्र बाँकी रहेको छ । तर, राजविराज नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि डम्पिङ साइट निर्माणका लागि एउटा सिन्को समेत भाच्न सकेको छैन् । झण्डै साडे चार वर्ष अघि पालिकाका मेयर भिमराज यादव (हाल निलम्बित) ले फोहर व्यवस्थापनका लागि आफै सो स्थानमा पुगि कार्य शुभारम्भ गरेका थिए । तर, उनी निलम्बित भएपछि त्यसबारे चासो देखाउन नगरपालिकाले थोरै पनि तदारुकता देखाउन सकेको छैन् । स्थान टुङ्गो लगाएपनि त्यसको अवस्था बारे मौन छ । पालिका निर्माण कार्य कहाँ पुग्यो भन्ने बारे आफै बेखबर छ । बजारबाट बिहान उठाइने फोहरलाई जताभावी बिस्थापित गर्ने गरिएको छ । हाल खाडो खोलामा नै फोहरमैला फ्याल्ने गरिन्छ ।

स्थानियहरुले आ-आफ्नै घरमा फोहर व्यवस्थापन गर्ने गरेका छन् भने अधिकांशले सडक तथा सार्वजनिक स्थलमा फ्यालेको देखिन्छ । फोहरमैला व्यवस्थापन गर्ने स्थल बनाउँन नसक्दा नगरपालिकावासीले फोहरको दुर्गन्धले पीडित बन्दै आएका छन् । खाँडो नदी क्षेत्रमा फोहर फ्याल्नाले नदी आफै दुर्गन्धीत हुनका साथै पानी परेको बेला सो फोहर पुनः बाढीको सँगै स्थानियकै घरमा पुग्ने गर्दछ । यति मात्र नभएर शौचालयको फोहर समेत विभिन्न नीजि तथा पालिकाको ट्याक्टरले फ्याल्ने काम पनि खाँडो नदीमै गर्ने गरेका छन् । डम्पिङ साइट नहुँदा सोही फोहरबाट मोहर बनाउने काय समेत प्रभावित भएको छ । फोहरलाई एकत्रित गरि त्यसलाई सडाईगलाई मलखाद बनाई बिक्रि समेत गर्न सकिन्छ भने सो मलखाद खेतीका लागि निकै नै फलदायी हुने गरेको छ । हुन त डम्पिङ साइटको समस्या राजविराज नगरपालिका मात्र नभएर जिल्लाको सबै स्थानिय तहमा रहेको छ । कुनै पनि स्थानीय तहले यसबारे ठोस नीति ल्याउन सकेका छैनन् । जताभावी फोहर फ्याक्ने गरेका छन् ।

तसर्थ कार्यकालको अन्तिम क्षणमा पनि डम्पिङ साइट निर्माणको कार्यलाई तिव्रता दिनेतर्फ पालिका गम्भिर हुनु आवश्यक छ । फोहरबाट मोहर बनाउने काम समेतलाई सुरुवात गर्न अग्रसरता देखाउनु जरुरी छ । यसले फोहर व्यवस्थापन हुनका साथै खेतीका लागि मलखादको समस्या थोरै भएपनि समाधान हुने कुरामा दुईमत नहोला ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

कोप-३१ निष्कर्षविहीन, पर्वतीय मुद्दालाई संस्थागत मान्यता दिलाउने बाटो खुला

भीष्मराज ओझा

काठमाडौँ, ८ मंसिर (रासस) ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) का वार्तामा अपेक्षित सहमति जुट्न नसक्दा सम्मेलन निष्कर्षविहीन बनेको छ । टर्किएको अन्तालयामा नोभेम्बर ९ देखि सुरु भएको सम्मेलन निर्धारित समयभन्दा दुई दिन ढिलो गरी नोभेम्बर २२ को राति सम्पन्न भएको हो ।

यद्यपि नेपालले पर्वतीय मुद्दालाई अन्तरराष्ट्रिय जलवायु वार्ताको छुट्टै एजेन्डाका रूपमा स्थापित गर्न गरेको पहलले आगामी दिनमा यसलाई संस्थागत मान्यता दिलाउने बाटो भने खुला गरेको छ ।

सम्मेलनको अन्तिम चरणमा समग्र निर्णयमा सहमति जुट्न नसक्दा नेपालको पर्वतीय मुद्दासम्बन्धी प्रस्ताव पनि पारित हुन सकेन । तर, विभिन्न देशबाट प्रस्तुत प्रस्तावमध्ये नेपालको प्रस्तावले प्राथमिकताका साथ छलफलमा प्रवेश पाउनु महत्त्वपूर्ण उपलब्धि भएको कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले बताउनुभएको छ ।

कोप-३१ को समग्र मूल्यांकनका बारेमा राससँग कुरा गर्दै उहाँले भोटेकोशी विपद्को पीडालाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्दै नेपालले पहिलोपटक पर्वतीय मुद्दालाई छुट्टै एजेन्डाका रूपमा अघि बढाउन सरकारका तर्फबाट लिखित प्रस्ताव पेस गरेको जानकारी दिनुभयो ।

"नेपालको इतिहासमा सरकारले पर्वतीय मुद्दालाई छुट्टै एजेन्डाका रूपमा स्थापित गर्न लिखित प्रस्ताव पेस गरेको यो पहिलोपटक हो", उहाँले भन्नुभयो, "विभिन्न देशबाट आएका करिब सातवटा प्रस्तावमध्ये कुनै पनि प्रस्ताव हुबहु स्वीकार भएनन् । तर, नेपालको प्रस्तावलाई उच्च प्राथमिकताका साथ छलफलमा लैजान हामी सफल भयौं ।"

नेपालले सुरुमा 'पर्वतीय क्षेत्रमा १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिको प्रभाव' सम्बन्धी विषयलाई छुट्टै एजेन्डाका रूपमा अघि सारेको थियो । संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसिसिसी) को सचिवालयको सहयोगमा प्रस्तावको विषयवस्तुलाई थप स्पष्ट र सान्दर्भिक बनाउँदै 'पर्वतीय पारिस्थितिक प्रणालीमा १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिसम्बन्धी विषयहरू' नाम दिइएको उहाँले बताउनुभयो ।

सम्मेलनमा किर्गिस्तानले पर्वतीय विषयमा एउटा संवाद आयोजना गर्ने प्रस्ताव गरेको थियो । नेपालले आफ्नो प्रस्तावले किर्गिस्तानको चासोसमेत समेट्ने भन्दै संयुक्त रूपमा अघि बढ्न आग्रह गरेपछि नेपाल, भुटान र कीर्गिस्तानले नेपालको प्रस्तावका आधारमा छलफल अघि बढाएका थिए ।

सहसचिव डा ढकालका अनुसार पर्वतीय मुद्दाअन्तर्गत अनुसन्धान, पूर्वसूचना प्रणाली, दुई वटा संवाद र उच्चस्तरीय राजनीतिक संवाद गरी चार विषयलाई अघि बढाउन नेपालले प्रस्ताव गरेको थियो । दुई वटा संवाद आयोजना गर्ने विषयमा सुरुमै सहमति बनेको थियो भने अनुसन्धान तथा पूर्वसूचना प्रणालीसम्बन्धी विषय पनि छलफलमा समेटिएका थिए ।

नेपालले प्रस्तुत गरेको प्रस्तावका केही अंश प्रारम्भिक चरणमै स्वीकार भएका थिए । पर्वतीय कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने तथा विभिन्न देशका प्रस्तावमा रहेका साझा विषयलाई विद्यमान एजेन्डासँग जोडेर समेट्ने प्रयास गरिएको उहाँले बताउनुभयो ।

"अन्तिम चरणमा सबै राष्ट्रबीच सहमति जुटाउने प्रयास गरेका थियौं । तर, सम्मेलनको समग्र निर्णयमा सहमति हुन नसकेपछि हाम्रो निर्णय पनि पारित हुन सकेन", उहाँले भन्नुभयो ।

उहाँका अनुसार अन्तिम निर्णयमा १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिलाई सीमित गर्ने तथा जीवाश्म इन्धनको उत्पादन, बिक्री वितरण र प्रयोगसँग जोडिएका विषयमा मतभेद देखिएको थियो । विशेषगरी जीवाश्म इन्धनबाट क्रमिक रूपमा बाहिरिने मार्ग र तापक्रम वृद्धिलाई सीमित गर्ने विषय निर्णयको मस्यौदामा समेटिन नसकेको भन्दै युरोपेली सङ्घले असहमति जनाएको थियो ।

त्यसपछि सम्मेलनको समग्र निर्णय प्रक्रिया प्रभावित हुँदा नेपालको पर्वतीय मुद्दासम्बन्धी निर्णय पनि अन्तिम समयमा पारित हुन नसकेको उहाँले स्पष्ट पार्नुभयो । "नेपालको प्रस्ताव अस्वीकृत हुनुको कारण हाम्रो एजेन्डा थिएन । सम्मेलनमा अन्य जटिल विषयमा सहमति हुन नसक्दा सबै निर्णय प्रभावित भएका हुन्", उहाँले भन्नुभयो ।

फलदायी बन्यो नेपाल प्याभिलियन

कोप-३१ मा नेपालले दोस्रोपटक राष्ट्रिय प्याभिलियन स्थापना गरेको थियो । प्याभिलियनमा ४७ भन्दा बढी कार्यक्रम आयोजना गरिएका थिए भने २५० भन्दा बढी वक्ताले आफ्ना धारणा राखेका थिए । आदिवासी जनजाति, निजी क्षेत्र, नागरिक समाजलगायत विभिन्न क्षेत्रको सहभागिता रहेको प्याभिलियनलाई उहाँले नेपालको सफल पक्षका रूपमा उल्लेख गर्नुभयो । "अल्पविकसित राष्ट्रहरूको समूहका प्याभिलियनमध्ये नेपालको प्याभिलियन निकै सक्रिय र धेरै सहभागीले अवलोकन गरेकोमध्ये एक थियो । यसको गुणस्तरका विषयमा पनि प्रशंसा भएको छ", उहाँले भन्नुभयो ।

वार्ताका लागि यसपटक राजनीतिक तथा संस्थागत तहबाट राम्रो नेतृत्व र प्रतिनिधित्व भए पनि वार्ताकारको विषयगत ज्ञान, भाषिक क्षमता, तयारी र अन्तरव्यक्तिगत सीप थप अभिवृद्धि गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

जलवायु परिवर्तनबाट नेपाल मात्रै प्रभावित भएको दृष्टिकोण प्रस्तुत गर्नुभन्दा अन्य देशले भोगिरहेका समस्यालाई समेत बुझेर साझा हितका विषय पहिचान गर्न सक्ने क्षमता वार्ताकारमा हुनुपर्ने उहाँको भनाइ छ । पर्वतीय क्षेत्रका समस्या उठाउँदा समुद्री क्षेत्रका चुनौतीलाई पनि समेट्ने, विकसित र विकासशील देशबीच सन्तुलन कायम गर्ने तथा क्षेत्रीय र अन्तरराष्ट्रिय तहमा प्रभावकारी संवाद गर्न सक्ने क्षमता विकास गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले यसपटक गरेको मेहनतले पर्वतीय एजेन्डा स्थापित गर्ने बाटो बन्द भएको छैन् भन्ने आत्मविश्वास दिएको छ । राम्रो तयारीका साथ अघि बढ्न सके आगामी दिनमा यसलाई अन्तर्राष्ट्रिय जलवायु वार्तामा स्थापित गर्न सकिन्छ ।"

सहमति जुट्न नसक्नु निराशाजनक

यसैबीच, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव साइमन स्टिलले कोप-३१ मा अध्यक्षताद्वारा प्रस्तुत निर्णयमा सहमति जुट्न नसक्नु निराशाजनक भएको बताउनुभएको छ ।

कोप-३१ को समापन समारोहलाई सम्बोधन गर्दै उहाँले जलवायु परिवर्तनका असर विश्वभर बढिरहेका बेला अन्तर्राष्ट्रिय जलवायु सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभएको युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

उहाँले जलवायु परिवर्तनका कारण विश्वका विभिन्न क्षेत्रमा प्रभाव गम्भीर बन्दै गएको, जीवाश्म इन्धनको लागतले अर्थतन्त्रमा मुद्रास्फीति बढाइरहेको र विश्वको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसभन्दा माथि पुग्ने जोखिम नजिकिँदै गएको उल्लेख गर्नुभएको थियो ।

"विश्वले यस्तो अवस्थाको पुनरावृत्ति धान्न सक्दैन । हाम्रो प्रक्रिया, नियमावली र स्थापित नजिरहरू सबै देशलाई एकै ठाउँमा ल्याउनका लागि बनाइएका हुन्", उहाँले भन्नुभयो । कोप प्रक्रिया १९४ पक्ष राष्ट्रहरूको साझा भएकाले सहमतिका लागि सबै पक्षका विचार पारदर्शी रूपमा सुन्ने र विगतका उपलब्धिलाई आधार बनाएर अघि बढ्ने पद्धति आवश्यक रहेको उहाँले बताउनुभयो ।

जलवायु वार्ताको प्रक्रियालाई सुधार, आधुनिकीकरण र पुनर्संरचना गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले विश्व अहिले प्रतिबद्धता जनाउने चरणबाट कार्यान्वयनको युगमा प्रवेश गरिसकेको बताउनुभयो। बदलिँदो परिस्थितिअनुसार अन्तर्राष्ट्रिय जलवायु वार्ताको प्रक्रियालाई पनि विकसित गर्नुपर्ने उहाँको भनाइ थियो ।

कोप-३१ अन्तर्गत औपचारिक वार्तामा अपेक्षित सहमति कायम हुन नसके पनि कार्यसूची (एक्सन एजेन्डा) अन्तर्गत भने महत्त्वपूर्ण प्रगति भएको उहाँले उल्लेख गर्नुभयो । कार्यकारी सचिव स्टिलले विगतमा पनि जलवायु वार्ता प्रक्रियाले विभिन्न अवरोध र असफलता सामना गरे पनि पुनः सशक्त रूपमा अघि बढेको स्मरण गराउँदै यसपटक पनि त्यस्तै हुनुपर्ने बताउनुभयो ।

आगामी कोप-३२ लाई महत्त्वपूर्ण अवसरका रूपमा उल्लेख गर्दै उहाँले दोस्रो विश्वव्यापी समीक्षा (ग्लोबल स्टकटक-२) ले पहिलो समीक्षाका उपलब्धिलाई आधार बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

मेडिकल शिक्षा सुधारका लागि विगतमा भएका सहमति कार्यान्वयनमा सरकार सक्रिय

काठमाडौँ, ८ मंसिर (रासस) ।

मेडिकल शिक्षा क्षेत्रको सुधार र विगतमा भएका सहमति तथा सम्झौता कार्यान्वयनका विषयमा सरकारले सरोकारवालासँग छलफल अघि बढाएको छ ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा भएको छलफलमा चिकित्सा शिक्षा सुधारका विभिन्न मुद्दा र कार्यान्वयन हुन बाँकी सम्झौताका विषयमा समीक्षा गरिएको हो ।

बैठकमा प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्रा डा जगदीशप्रसाद अग्रवाल, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा डा देवेन्द्रबहादुर खत्री, शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र झा तथा प्रधानमन्त्री कार्यालय र शिक्षा मन्त्रालयका उच्च अधिकारीहरूको सहभागिता थियो । छलफलमा वरिष्ठ चिकित्सक डा गोविन्द केसीसँग भएको सम्झौता तथा चिकित्सा शिक्षा सुधारका विषयमा भएको सम्झौताका कार्यान्वयनलाई विशेष प्राथमिकता दिइएको थियो ।

वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा विद्यार्थी र व्यवस्थापनबीच देखिएको विवाद समाधान गर्न समिति गठन गरी पठाउने तथा चिकित्सा शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने विषयमा छलफल भएको छ ।

कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी कानुनी व्यवस्थामा अध्यादेशमार्फत संशोधन प्रक्रिया अघि बढाउने विषयमा समेत छलफल भएको जनाइएको छ ।

बैठकमा शिक्षामन्त्री पोखरेलले चिकित्सा शिक्षा सुधारका क्रममा उठेका समस्यालाई नीतिगत रूपमा सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले डा. केसीसँग भएका सम्झौता कार्यान्वयनका लागि मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने स्पष्ट पार्नुभयो ।

चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै यस क्षेत्रमा विद्यार्थीको आकर्षण बढाउन आयोगलगायत सम्बन्धित संस्थाहरूबीच प्रभावकारी समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो । प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्रा डा अग्रवालले सम्झौता कार्यान्वयनसँगै मेडिकल शिक्षालाई सुदृढ, गुणस्तरीय र प्रभावकारी बनाउन अन्तरमन्त्रालय तथा सम्बन्धित निकायबीच सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा डा खत्रीले चिकित्सा शिक्षाको गुणस्तर सुधार तथा नतिजा समयमै सार्वजनिक गर्नेलगायतका विषयमा आयोगले आवश्यक काम गरिरहेको जानकारी दिनुभयो । बैठकले चिकित्सा शिक्षा सुधारका लागि नीतिगत पहल र अन्तरनिकाय समन्वयलाई तीव्रता दिने दिशामा जोड दिएको छ ।

प्रधानमन्त्री शाहको भारत भ्रमण ऐतिहासिक : मन्त्री खनाल

काठमाडौँ, ८ मंसिर (रासस)।

परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणले दुई देशबीचको ऐतिहासिक, बहुआयामिक तथा जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउँदै आर्थिक विकास र समृद्धिका क्षेत्रमा परिणाममुखी सहकार्यको आधार तयार गरेको बताउनुभएको छ।

मन्त्री खनालले सोमबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा प्रधानमन्त्रीको भ्रमणबारे जानकारी दिँदै भ्रमणले नेपाल-भारत सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउनुका साथै दुवै देशका नागरिकले प्रत्यक्ष लाभ प्राप्त गर्ने वातावरण निर्माण गरेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री शाहले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा गर्नुभएको राजकीय भ्रमणका क्रममा दुई देशबीच कनेक्टिभिटी, ऊर्जा साझेदारी, व्यापार तथा आर्थिक सहकार्य र जनस्तरको सम्बन्ध विस्तारलगायत विषयमा महत्त्वपूर्ण सहमति भएको परराष्ट्रमन्त्री खनालले जानकारी दिनुभयो।

भ्रमणका अवसरमा प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीले 'विकसित भारत-समुन्नत नेपाल' सम्बन्धी संयुक्त दूरदृष्टि दस्तावेज जारी गर्नुभएको छ। उक्त दस्तावेजले आर्थिक तथा विकास साझेदारी, भौतिक तथा डिजिटल सम्पर्क सञ्जाल, ऊर्जा सहकार्य, जलवायु उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण, कृषि, शिक्षा, स्वास्थ्य, खेलकुद, स्टार्टअप, डिजिटल सेवा, अन्तरिक्ष तथा नवप्रवर्तनलगायत क्षेत्रमा सहकार्य अघि बढाउने आधार तयार गरेको छ।

मन्त्री खनालका अनुसार दस्तावेजले नेपाल-भारत सम्बन्धलाई समयानुकूल बनाउन पुराना सन्धि, सम्झौता र सहमतिहरूको पुनरावलोकन तथा आवश्यकताअनुसार परिमार्जन गर्ने बाटोसमेत खुला गरेको छ। सन् १९५० को सन्धिलगायत पुराना सन्धिहरूको पुनरावलोकनका विषयमा पनि यसले नयाँ सम्भावना सिर्जना गरेको उहाँले बताउनुभयो।

भ्रमणका क्रममा नेपालको तेस्रो मुलुकसँगको व्यापार सहजीकरणका लागि भारतका कोलकाता र विशाखापट्टनम बन्दरगाहका अतिरिक्त गुजरातको दीनदयाल (कान्डला) र ओडिशाको पारादीप बन्दरगाह प्रयोग गर्न पहुँच प्रदान गर्ने सहमति भएको छ। यसबाट नेपालको अन्तरराष्ट्रिय व्यापार तथा पारवहन व्यवस्थामा थप सहजता आउने अपेक्षा गरिएको छ।

जनकपुर-अयोध्याबीच यात्रुवाहक रेलसेवाको दुवै प्रधानमन्त्रीले संयुक्त रूपमा भर्चुअल उद्घाटन गर्नुभएको छ। यसले दुई देशबीचको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ।

हवाई सम्पर्क विस्तारका लागि हाल एकतर्फी सञ्चालनमा रहेको बी-३४५ काठमाडौँ-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउने विषयमा पनि दुवै पक्षबीच सहमति भएको छ। सीमापार पूर्वाधार विकासका क्रममा भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने मोटरेबल पुलको संयुक्त उद्घाटन गरिएको छ भने बनबासामा एकीकृत जाँच चौकी (आइसीपी) निर्माणको शिलान्यास भएको छ। यी पूर्वाधारले सीमापार आवागमन, व्यापार तथा भन्सार प्रक्रियालाई सहज बनाउने अपेक्षा गरिएको छ।

ऊर्जा सहकार्यतर्फ इनरुवा-न्यू पूर्णिया र दोधारा-बरेली विद्युत् प्रसारण लाइन संयुक्त लगानीमा निर्माण गर्ने सहमति भएको मन्त्री खनाले जानकारी दिनुभयो। यसैगरी तल्लो अरुण जलविद्युत् आयोजनाको संयुक्त शिलान्यास गरिएको छ।

भारतको सहयोगमा निर्माण भएको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरण सञ्चालनमा ल्याइएको छ भने झापा-सिलिगुडी पेट्रोलियम पाइपलाइनको शिलान्यास गरिएको छ। यसबाट नेपालको ऊर्जा आपूर्ति तथा सुरक्षा थप सुदृढ हुने अपेक्षा गरिएको छ।

मन्त्री खनालले भन्नुभयो, "लामो समयदेखि चर्चामा रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) अन्तिम रूप दिन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने सहमति पनि भएको छ।" नेपालमा भारतीय प्रविधि संस्थान (आइआइटी) को सम्बन्धन प्राप्त क्याम्पस स्थापना गर्ने निर्णयसमेत भ्रमणका क्रममा भएको छ। यसले उच्च शिक्षा, अनुसन्धान, नवप्रवर्तन तथा दक्ष जनशक्ति विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ।

भ्रमणका अवसरमा विभिन्न आठ क्षेत्रमा सहकार्य गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको छ। तीमध्ये फरेन्सिक विज्ञान तथा अनुसन्धान, सुरक्षा तथा प्रहरी प्रशिक्षण, निजामती कर्मचारीको क्षमता विकास, आयुर्वेद तथा परम्परागत चिकित्सा, दक्षिण एसिया भूउपग्रहको उपयोग, दिगो सहरी विकास, स्वास्थ्य तथा औषधि र पशुपालन तथा मत्स्यपालन विकाससम्बन्धी समझदारी रहेका छन्।

यसैगरी नेपाल-भारत सीमाको संयुक्त स्थलगत निरीक्षण तथा सीमा स्तम्भको मर्मतसम्भारमा भएको प्रगतिलाई ध्यानमा राख्दै विद्यमान सीमासम्बन्धी विषयमा काम गर्न दुवै देशका परराष्ट्र सचिवलाई निर्देशन दिइएको छ।

भ्रमणका क्रममा दुवै देशका प्रधानमन्त्रीबीच भएका छलफल र सहमतिलाई समेटेर संयुक्त प्रेस विज्ञप्तिसमेत जारी गरिएको छ। नेपाल र भारतका उद्योगी, व्यवसायी तथा लगानीकर्ताको सहभागितामा आयोजित नेपाल-भारत व्यापार गोलमेच बैठकमा नेपालको लगानी सम्भावनाबारे जानकारी गराउँदै भारतीय लगानीकर्तालाई नेपालमा लगानी विस्तार गर्न प्रोत्साहित गरिएको मन्त्री खनालले बताउनुभयो।

भ्रमणका क्रममा भारतीय राष्ट्रपति द्रौपदी मुर्मूसँग पनि प्रधानमन्त्री शाहले शिष्टाचार भेट गर्नुभएको थियो। भेटमा नेपाल-भारतबीचको सौहार्दपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा विचार आदानप्रदान भएको थियो। भ्रमणका अवसरमा भारतका उच्च राजनीतिक नेतृत्वसँग भएका सारगर्भित छलफलबाट दुई मुलुकबीच समझदारी, सहयोग तथा सहकार्यमा अभिवृद्धि भई द्विपक्षीय सम्बन्ध अझ सुदृढ भएको मन्त्री खनालको भनाई छ।

"यस भ्रमणका क्रममा भएका छलफल र उच्चस्तरीय भेटघाटहरूले नेपाल र भारतबीचको कूटनीतिक र आर्थिक एवं विकास सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रहरूमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार भएको छ" उहाँले भन्नुभयो।

साथै, छिमेकी मित्रराष्ट्रसँग एकअर्काका संवेदनशीलताहरू बुझ्ने तथा आपसी समन्वयमा तिनको उचित समाधान गर्दै द्विपक्षीय हितलाई प्रवर्द्धन गर्न भ्रमण फलदायी भएको मन्त्री खनालको भनाइ छ।

औषधिमा रेक्टिफाइड स्पिरिट गुणस्तर सुनिश्चित गर्न विभागको निर्देशन

काठमाडौँ, ८ मंसिर (रासस)।

औषधि उद्योगमा प्रयोग हुने रेक्टिफाइड स्पिरिट (इथानोल ९५ प्रतिशत) को गुणस्तर सुनिश्चित गर्न औषधि उद्योग तथा यससँग सरोकार रहेका निकाय तथा व्यक्तिलाई औषधि व्यवस्था विभागले निर्देशन दिएको छ।

औषधि उद्योगको विभिन्न प्रयोजनमा सहायक कच्चा पदार्थका रुपमा उक्त रेक्टिफाइड स्पिरिट (इथोनल ९५ प्रतिशत) को प्रयोग हुँदै आएको छ। उक्त पदार्थले औषधिको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्न सक्ने भएकाले यसको गुणस्तर सुनिश्चित हुनु अत्यावश्यक रहेको भन्दै यसको मात्रा सुनिश्चितताका लागि विभागले उक्त निर्देशन दिएको हो।

विभागका महानिर्देशक भरत भट्टराईका अनुसार हालसम्म विभिन्न अल्कोहल डिस्टिलरी, चिनी मिललगायतका उद्योगबाट व्यावसायिक रूपमा उत्पादन तथा बिक्री वितरण हुने रेक्टिफाइड स्पिरिट प्रयोग हुँदै आएको छ।

उक्त पदार्थको उत्पादन तथा प्रशोधन प्रक्रिया आधिकारिक फार्माकोपियामा निर्धारित मापदण्डअनुसार भए नभएको सुनिश्चित गर्न आवश्यक छ,औषधि उद्योगमा प्रयोग हुने रेक्टिफाइड स्पिरिटको गुणस्तर भारतीय फार्माकोपिया ब्रिटिस फार्माकोपिया र संयुक्त राज्य अमेरिकाको फार्माकोपिया लगायतका मान्यताप्राप्त फार्माकोपियामा तोकिएका मापदण्डअनुरूप हुनुपर्ने महानिर्देशक भट्टराईले जानकारी दिनुभयो।

विभागले निर्धारित मापदण्डअनुसार गुणस्तर कायम भएको रेक्टिफाइड स्पिरिट मात्र प्रयोग गर्ने व्यवस्था मिलाउन औषधि उद्योग तथा सरोकारवालालाई सोमबार सूचित गरेको हो।

सो व्यवस्था सूचना प्रकाशित भएको मितिले ३५ दिनपछि अनिवार्य रूपमा लागू हुने विभागले जनाएको छ। साथै, विभागीय निर्णयअनुसार यस विषयमा सम्बन्धित सबैलाई जानकारी गराइएको सूचनामा उल्लेख छ।

यसैबीच विभागले प्लाटिनम समूहका औषधि तथा डायलाइसिस सोलुसनको बजारमा उपलब्धताका बारेमा जानकारी गराएको छ। जीवनरक्षक औषधिको निरन्तर बजार उपलब्धता सुनिश्चित गर्न तथा बिरामीलाई सहज रूपमा उपलब्ध गराउने उद्देश्यले विभागले सम्बन्धित औषधिको बजार उपलब्धताबारे जानकारी गराएको हो।

विभागका अनुसार पछिल्लो समय प्लाटिनम समूहका सिस्प्लाटिन कार्बोप्लाटिन तथा डायलाइसिस सोलुसनलगायतका औषधि उपलब्ध नभएको वा न्यून रहेको जानकारीपछि ती औषधि सहज रूपमा उपलब्ध हुने फर्म तथा वितरकको विवरण सार्वजनिक गरिएको हो।

विभागले सम्बन्धित आयातकर्तालाई औषधिको मौज्दात, प्राप्ति तथा वितरणको अद्यावधिक अभिलेख व्यवस्थित रूपमा राखी नियमित बजार उपलब्धता सुनिश्चित गर्न अनुरोध गरेको छ।

यसैबीच दसैँलगत्तै प्राविधिक स्तरोन्नति (पिएचपी अपग्रेड) हुन नसक्दा अवरुद्ध रहेको विभागको अनलाइन सेवा मंगलबारदेखि नियमित रूपमा सञ्चालनमा आउने भएको छ। विभागले अनलाइनमार्फत प्रदान गर्दै आएका दर्तालगायतका सेवा मंगलबारैदेखि नियमित रूपमा सञ्चालनमा आउने जानकारी पनि सोमबार प्रकाशित सूचनामा उल्लेख छ।

भोट बैंकको ...

तराई-मधेश तथा जिल्लाका अति विपन्न दलित बस्तीहरु (विशेष गरी डोम, मुसहर, चमार, दुसाध, बादी. गन्धर्व आदि) मा गरिबी, अशिक्षा र चेतना अभावका कारण ठूलो संख्यामा नागरिकता र मतदाता नामावलीबाट वञ्चित रहेको ज्ञापनपत्र मार्फत स्मरण गराइएको छ।

आगामी निर्वाचनअघि जिल्ला प्रशासन कार्यालय, निर्वाचन कार्यालय र स्थानीय तहसँग समन्वय गरी दलित बस्तीहरूमा टोल-टोलमा घुम्ती शिविर सञ्चालन गरी मतदाता नामावली दर्ता र नागरिकता वितरणको 'विशेष टोली अभियान' सञ्चालन गर्न राजनीतिक दलहरूका तर्फबाट प्रतिबद्धता र सहजीकरण गर्न माग गरिएको छ।

दलको आन्तरिक संरचना र उम्मेदवार छनोट समितिमा दलित प्रतिनिधित्वका लागि जिल्ला, पालिका र वडा स्तरका उम्मेदवार सिफारिस तथा छनौट समितिहरुमा दलित समुदायको निर्णायक सहभागिता सुनिश्चितका लागि दलभित्रको गेटकिपिड अन्त्य भई योग्य दलित कार्यकर्ताहरूले टिकट प्राप्त गर्न सहज बनाउन माग गरिएको छ।

ध्यानाकर्षण पत्र बुझ्दै काँग्रेस सभापति साहले दलित समुदायको मागप्रति पार्टी गम्भिर रहेको र ती मागहरु सम्बोधन हुने गरि स्थानीय निर्वाचनको समयमा पार्टीले निर्णय गर्ने प्रतिबद्धता जनाएको पार्टीका सचिव मण्डलले राजविराज दैनिकलाई जानकारी दिए।

विश्व समाचार

हसिनाको डिसेम्बर १६ मा स्वदेश फर्कने घोषणा

ढाका, ८ मङ्सिर (रासस/एपी)।

बङ्लादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले भारतमा निर्वासनमा रहेको अवस्थाबाट आगामी डिसेम्बर १६ मा स्वदेश फर्कने योजना सार्वजनिक गर्नुभएको छ। तर, मानवताविरुद्धको अपराधमा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएकी उहाँ फर्किएमा पक्राउ पर्ने र जेल चलान हुने सम्भावना छ। विद्यार्थी नेतृत्वको जनविद्रोहले १५ वर्ष लामो शासन अन्त्य गरेपछि हसिना सन् २०२४ अगस्ट ५ मा भारत जानुभएको थियो। उहाँमाथि प्रदर्शनका क्रममा सयौँ मानिस मारिएको घटनामा संलग्न रहेको आरोपमा मुद्दा चलाइएको थियो। अदालतको फैसलालाई अस्वीकार गर्दै उहाँले स्वदेश फर्किएपछि कानूनी लडाइँ लड्ने बताउँदै आउनुभएको छ।

बङ्लादेशका प्रधानमन्त्री तारिक रहमानका प्रेस सचिव अबु अब्दुल्लाह एम सालेहले हसिनालाई दोषी ठहर गरिएको र उहाँको सुपुर्दगीका लागि सरकारले भारतसँग माग गरिसकेको बताउनुभएको छ। सरकारले आफ्नो अडान परिवर्तन नगर्ने उहाँको भनाइ छ। हसिनाले मङ्गलबार डिसेम्बर १६ मा स्वदेश फर्कने योजना सार्वजनिक गर्दै प्रधानमन्त्री रहमानलाई राष्ट्रिय ध्वजावाहक विमानमार्फत दिल्लीबाट ढाका फर्कने व्यवस्था मिलाउन आग्रह गर्नुभएको छ। उहाँका प्रवक्ता सैयद मोजाम्मेल अलीले हसिना सन् २०२४ अगस्ट ५ मा बङ्लादेशी विमानबाट भारत जानुभएकाले स्वदेश फर्कने यात्राको व्यवस्था पनि सरकारले गर्नुपर्ने बताउनुभएको छ।

डिसेम्बर १६ बङ्लादेशको विजय दिवस हो। सन् १९७१ मा पाकिस्तानसँगको युद्धपछि स्वतन्त्र भएको स्मरणमा यो दिवस मनाइन्छ। हसिनाका सहयोगी अबु ओबैदा अरिनले उहाँले आफ्ना पिता तथा बङ्लादेशका संस्थापक नेता शेख मुजीबुर रहमानको नेतृत्वमा हासिल भएको ऐतिहासिक विजयको सम्मान गर्दै यही दिन स्वदेश फर्कन चाहेको बताउनुभएको छ। उहाँले हसिनाको पुनरागमनपछि देश शान्ति, स्थिरता र समृद्धितर्फ अघि बढ्ने विश्वाससमेत व्यक्त गर्नुभएको छ।

यस महिनाको सुरुमा एसोसिएटेड प्रेससँगको अन्तर्वार्तामा हसिनाले कुनै पनि मूल्यमा डिसेम्बरमै स्वदेश फर्कने र मृत्युसमेतले आफूलाई घर फर्कनबाट रोक्न नसक्ने बताउनुभएको थियो। हसिनाले मृत्युदण्डको फैसलाविरुद्ध पुनरावेदन गर्न पाउने समयसीमा गुमाइसकेको र सजाय रोक्ने कानूनी आधार नरहेको एक अभियोजकले यसअघि बताएका थिए। बङ्लादेशमा राष्ट्रपतिबाट क्षमादान पाउने व्यवस्था भए पनि हसिनाले त्यस्तो आग्रह गर्नुभएको छैन। उहाँले अदालतको फैसलालाई स्पष्ट रूपमा अस्वीकार गर्दै आउनुभएको छ।

हसिनाको सत्ता पतन भएको तीन दिनपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले अन्तरिम सरकारको नेतृत्व सम्हाल्नुभएको थियो। उहाँको नेतृत्वमा रहेको सरकारले हसिनाको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएको थियो र फेब्रुअरीमा भएको निर्वाचनमा सहभागी हुन दिएको थिएन। त्यसपछि तारिक रहमान नेतृत्वको निर्वाचित सरकारले सत्ता सम्हालेको हो।

सन् १९७१ को स्वतन्त्रता युद्धमा पाकिस्तानी सैन्य नेतृत्वको पक्षमा रहेको जमात-ए-इस्लामी पार्टी भने फेब्रुअरीको निर्वाचनमा पुनः राजनीतिमा फर्किएको थियो। अहिले उक्त पार्टी बङ्लादेशको प्रमुख प्रतिपक्षी दल बनेको छ। हसिनाको शासनकालमा यस पार्टीका कैयौँ शीर्ष नेताहरूलाई युद्ध अपराधको आरोपमा मृत्युदण्ड दिइएको थियो। हसिनाका पिता शेख मुजीबुर रहमानले पाकिस्तानविरुद्धको स्वतन्त्रता आन्दोलनको नेतृत्व गर्नुभएको थियो। सन् १९७५ मा सैन्य 'कू' का क्रममा उहाँ र परिवारका अधिकांश सदस्यको हत्या भएको थियो। त्यसबेला देशबाहिर रहनुभएका हसिना र उहाँकी कान्छी बहिनी भने बाँच्नुभएको थियो।

'कक्रोच' आन्दोलनका नेतालाई लन्डन जान रोक

नयाँदिल्ली, ८ मङ्सिर (रासस/एएफपी)।

भारतको युवा नेतृत्वको 'कक्रोच' आन्दोलनका एक प्रमुख नेतालाई बेलायतका प्रतिष्ठित विश्वविद्यालयमा आन्दोलनबारे सम्बोधन गर्न जाने क्रममा विमानस्थलबाटै रोकिएको छ। कक्रोच जनता पार्टी (सिजेपी) का २७ वर्षीय नेता सौरभ दासले सोमबार राति सामाजिक सञ्जालमार्फत आफूलाई लन्डन जाने उडानमा चढ्न नदिइएको बताउनुभएको हो। मङ्गलबार बिहान उडान भर्ने तयारीमा रहनुभएका उहाँलाई विमानस्थलका अध्यागमन अधिकारीहरूले आफ्नो राहदानीमा रोकसम्बन्धी सङ्केत रहेको जानकारी दिएका थिए।

दासका अनुसार अक्सफोर्ड, क्याम्ब्रिज, लन्डन स्कुल अफ इकोनोमिक्स (एलएसई) र एडिनबर्ग विश्वविद्यालयले उहाँलाई 'कक्रोच' आन्दोलनबारे सम्बोधन गर्न आमन्त्रण गरेका थिए। उहाँले डिसेम्बर १ मा अक्सफोर्ड युनियन सोसाइटीमा सम्बोधन गर्ने कार्यक्रम थियो। भारतीय विद्यार्थीहरूले कार्यक्रमका लागि तयारी गरिरहेको अवस्थामा सरकारले आफूलाई रोक्नु बौद्धिक विचारप्रति असहिष्णुताको सङ्केत भएको उहाँको आरोप छ।

सन् २०२६ मेमा सुरु भएको सिजेपीले छोटो समयमै सामाजिक सञ्जालमा लाखौँ अनुयायी जुटाएको छ। जुलाईमा परीक्षामा भएको अनियमितताको विरोधमा पार्टीले आयोजना गरेको प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारमाथि दबाब बढाएको थियो। त्यसपछि शिक्षा मन्त्रीले राजीनामा दिनुभएको थियो। मुख्य निर्वाचन आयुक्तको राजीनामा माग गर्दै नयाँदिल्लीमा भएको प्रदर्शनका क्रममा सुरक्षा कारबाही अवज्ञा गरेको आरोपमा दासलाई एक महिनाअघि हिरासतमा लिइएको थियो।

मोदी सन् २०१४ मा सत्तामा आएपछि भारतमा मानव अधिकार र प्रेस स्वतन्त्रताको अवस्था कमजोर बनेको आलोचकहरूको आरोप छ। यसै महिनाको सुरुमा विपक्षी काङ्ग्रेस पार्टीले आयोजना गरेको लोकतन्त्रसम्बन्धी शिखर सम्मेलनमा एक सयभन्दा बढी विदेशी वक्तालाई सहभागी हुन रोकिएको थियो। प्रतिबन्धमा पर्नेमा यसअघि मोदीसँग प्रेस स्वतन्त्रताबारे प्रश्न गर्नुभएका एक नर्वेली पत्रकार पनि हुनुहुन्थ्यो।

यसअघि सन् २०२२ मा भारत प्रशासित काश्मीरकी पुरस्कार विजेता फोटोग्राफर सन्ना इरशाद मट्टुलाई पुलित्जर पुरस्कार ग्रहण गर्न अमेरिका जानबाट भारतीय अधिकारीहरूले रोकेका थिए।

अयोध्याबाट आएका चार सय तीर्थयात्रीलाई स्वागत



जनकपुरधाम, ८ मंसिर (रासस)।

जनकपुरधाम र अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले सञ्चालन भएको अयोध्या-जनकपुरधाम रेलसेवामार्फत यहाँ आएका करिब ४०० भारतीय तीर्थयात्रीलाई भव्य स्वागत गरिएको छ।

नेपाल रेल्वे कम्पनीद्वारा जनकपुरधाम रेल्वे स्टेसनमा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा तीर्थयात्रीलाई युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव र मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले स्वागत गर्नुभयो।

सो अवसरमा श्रममन्त्री यादवले जनकपुरधाम-अयोध्या रेल सेवा दुई देशबीचको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने महत्त्वपूर्ण माध्यम भएको बताउनुभयो।

उहाँले नेपाल-भारतबीचको यस रेल सेवामार्फत धार्मिक पर्यटन प्रवर्द्धन तथा व्यापार, रोजगारी र उद्यमशीलताका नयाँ अवसर सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो।

जनकपुरधाम र अयोध्याबीचको सम्बन्ध यातायातमा मात्र सीमित नभई पारिवारिक, सांस्कृतिक, धार्मिक र भावनात्मक सम्बन्ध रहेको उल्लेख गर्दै उहाँले सरयू-कमला एक्सप्रेसले दुई देशका नागरिकबीचको आत्मीयतालाई थप मजबुत बनाउने बताउनुभयो।

उहाँले भन्नुभयो, "अयोध्या र जनकपुरधामबीचको सम्बन्ध दुई सहरको सम्बन्ध मात्र होइन, यो बेटी-ज्वाइँ, परिवार, संस्कृति, परम्परा, आस्था र आत्मीयताको सम्बन्ध हो।"

श्रममन्त्री यादवले विवाहपञ्चमी महोत्सव नजिक आइरहेको अवस्थामा अयोध्याबाट जनकपुरधाम आउने श्रद्धालु तथा भक्तजनलाई रेल सेवाले आवागमनमा सहजता प्रदान गर्ने उहाँले बताउनुभयो। उहाँले पछिल्लो रेल सेवाले धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन साथै स्थानीय होटल, रेस्टुरेन्ट, यातायात, हस्तकला, होमस्टे तथा साना व्यवसायको विकासमा समेत टेवा पुग्ने अपेक्षा गर्नुभयो।

मधेस प्रदेशका मुख्यमन्त्री यादवले अयोध्या-जनकपुर रेल सम्पर्क विस्तारले दुई देशबीचको यातायात सहकार्य, धार्मिक पर्यटन र आर्थिक विकासलाई थप गति दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले रेल सेवा सञ्चालन गर्न भएको ऐतिहासिक पहलका लागि दुवै देशका प्रधानमन्त्री तथा सम्बन्धित निकायप्रति आभार व्यक्त गर्नुभयो।

मुख्यमन्त्री यादवले नेपाल र भारतबीचको 'बेटी-रोटी' सम्बन्धलाई व्यवहारमा सहज बनाउन सीमापार आवागमनका अवरोध हटाउनुपर्नेमा जोड दिनुभयो।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले भगवान् श्रीराम र माता सीताको वैवाहिक सम्बन्धले जोडिएका दुई धार्मिक नगरीलाई रेलमार्गले जोड्ने पहल दुवै देशका नागरिकका लागि ऐतिहासिक उपलब्धि भएको बताउनुभयो।

विश्व हिन्दू परिषद् नेपालका प्रदेश सङ्गठन सचिव जङ्गबहादुर सिंहले रेल सेवाले धार्मिक, सामाजिक तथा आर्थिक क्षेत्रमा दुवै देशलाई लाभ पुऱ्याउनुका साथै नागरिकबीचको आपसी सम्बन्ध विस्तारमा सहयोग पुग्ने बताउनुभयो।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार सरयू-कमला एक्सप्रेस नाम दिइएको उक्त रेल १७ वटा डब्बासहित मंगलबार बिहान ९:१५ बजे जनकपुरधाम रेल्वे स्टेसन आइपुगेको थियो। रेलमा सवार भारतीय रेल्वे कम्पनीका प्रतिनिधि तथा तीर्थयात्रीलाई खादामाला लगाएर स्वागत तथा सम्मान गरिएको थियो।

तीर्थयात्रीको स्वागतका लागि सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो। उहाँहरूका लागि जानकी मन्दिरलगायत धार्मिकस्थलमा पूजाआजा तथा दर्शनको व्यवस्था मिलाइएको छ।

स्वागत तथा सम्मान र धार्मिकस्थलको दर्शनपछि तीर्थयात्रीलाई मंगलबारै पुनः बिदाइ गरिने प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिनुभयो।

नेपाल र भारत सरकारको सहयोगमा आधुनिक ब्रोडगेज रेलमार्ग निर्माण तथा विस्तार भएपछि सन् २०२२ मा जयनगर-कुर्था रेल सेवा पुनः सञ्चालनमा आएको थियो। त्यसको एक वर्षपछि कुर्थाबाट भङ्गहा-बिजलपुरासम्म सेवा विस्तार गरिएको थियो।

रेलसँगै हवाई ...

र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको भ्रमणको परिणाम भएको भन्दै उनले दुवै जनालाई धन्यवाद पनि दिए।

उनले सीमावर्ती भारतीय नागरिकलाई २४ घण्टासम्म भन्सार छुटको व्यवस्था गर्न माग गरे। भारतीय नम्बर प्लेटका सवारीसाधन प्रयोग गरी ठुलो सङ्ख्यामा भारतीय नागरिक जनकपुरधाम आउने भएकाले उनीहरूलाई २४ घण्टासम्म भन्सार छुट दिनुपर्ने उनको भनाइ छ।

सीमाक्षेत्रका भारतीय नागरिकलाई २४ घण्टा भन्सार छुट दिनुपर्ने माग आफूले धेरै पहिलेदेखि राख्दै आएको पनि उनले बताए। रेल सेवाले अयोध्या र जनकपुरबिचको सम्बन्धलाई अनन्तकालसम्म एक सूत्रमा बाँध्ने उनको विश्वास छ।

जाडोमा ज्येष्ठ नागरिकको स्वास्थ्यमा ध्यान दिन सुझाव

काठमाडौँ, ८ मंसिर (रासस)।

जाडो मौसममा ज्येष्ठ नागरिकको स्वास्थ्यमा विभिन्न समस्या देखिन सक्ने भएकाले विशेष हेरचाह र सुरक्षामा ध्यान दिन स्वास्थ्य क्षेत्रका विज्ञले सुझाव दिएका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले स्वस्थ बुढ्यौलीका लागि ज्येष्ठ नागरिकको शारीरिक स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य तथा सुरक्षित वातावरणलाई प्राथमिकता दिएको छ।

ज्येष्ठ नागरिक रोग विशेषज्ञ डा उमेश बोगटीका अनुसार उमेर बढ्दै जाँदा शरीरको तापक्रम नियन्त्रण गर्ने क्षमता र रोग प्रतिरोधात्मक प्रणाली कमजोर हुने भएकाले चिसो मौसममा सङ्क्रमण तथा अन्य स्वास्थ्य समस्या देखिने जोखिम बढी हुन्छ।

उहाँका अनुसार ज्येष्ठ नागरिकलाई न्यानो कपडा लगाउने, सुत्ने कोठा न्यानो राख्ने तथा हिटर प्रयोग गर्दा पर्याप्त हावा आवतजावत हुने व्यवस्था मिलाउनुपर्छ। साथै पोषणयुक्त तथा प्रोटिनयुक्त खाना, मौसमी फलफूल, सागसब्जी र पर्याप्त झोलिलो पदार्थ सेवनमा ध्यान दिनुपर्छ।

"जाडोमा छातीको सङ्क्रमण तथा निमोनियाको जोखिम बढ्ने भएकाले भिडभाड, धुवाँधुलोबाट टाढा रहने, नियमित हात धुने तथा चिकित्सकको सल्लाहअनुसार फ्लू र निमोनियाविरुद्धको खोप लगाउनुपर्छ," डा बोगटी भन्नुहुन्छ।

त्यस्तै, नियमित हिँडडुल तथा हल्का व्यायाम गर्नुपर्छ। अत्यधिक चिसो र शीतलहर चलेका बेला बिहान बाहिर निस्कनबाट जोगिनुका साथै सुरक्षित स्थानमा बसेर घाम ताप्न सकिन्छ। लड्ने जोखिम कम गर्न नचिप्लिने जुत्ता प्रयोग गर्ने र आवश्यकताअनुसार लौरोको सहारा लिनुपर्छ।

डा बोगटी भन्नुहुन्छ, "उच्च रक्तचाप, मधुमेह, दम तथा जोर्नीसम्बन्धी समस्या भएका ज्येष्ठ नागरिकले नियमित औषधि सेवन र स्वास्थ्य परीक्षणमा ध्यान दिनुपर्छ। चिसोका कारण छाला सुक्खा हुने तथा चिलाउने समस्या देखिन सक्ने भएकाले मोइस्चराइजर प्रयोग गर्नुपर्छ।"

जाडोमा शरीरको तापक्रम अत्यधिक घट्दा हाइपोथर्मिया हुन सक्छ। शरीर काँप्ने, अत्यधिक थकान हुने, अलमलिने, बोली अस्पष्ट हुने तथा असामान्य निद्रा लाग्ने यसका लक्षण हुन्। यस्ता लक्षण देखिएमा तत्काल न्यानो स्थानमा लैजानुका साथै आपत्कालीन स्वास्थ्य सेवा लिनुपर्छ। छाती दुख्ने, सास फेर्न गाह्रो हुने वा होसमा परिवर्तन आउने अवस्था देखिएमा पनि तुरुन्त अस्पताल लैजानुपर्छ।

डा बोगटीका अनुसार ज्येष्ठ नागरिकलाई चिसोबाट सुरक्षित राख्न न्यानो वातावरण, पोषणयुक्त खानपान, आवश्यक खोप, नियमित शारीरिक गतिविधि र पारिवारिक सहयोग महत्वपूर्ण हुन्छ।

राजविराज नगरपालिका

८ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेस प्रदेश, नेपाल
वडा कार्यालय
राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल
२०७३

पत्र संख्या: २०८३/०८४
चलानी नम्बर: २९८

मिति: २०८३/०८/०४

सुचना। सुचना। । सुचना।

विषय -सुचना सम्बन्धमा

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज.नगरपालिका वडा५ परिवर्तित वडा नं ८ बस्ने स्व.अनुप लाल परियार को नाति सुगाराम परियार को छोरा गणेश कुमार परियार यस वडा कार्यालयमा उपस्थित भई मेरो जेठी पत्नी अनिता कुमारी परियार र कान्छी पत्नी मथुरा कुमारी परियार को आफ्नो कालगती ले मृत्यु भएको हो दुवै श्रीमतीहरु को मृत्यु भई सके को हुदाँ मृतक जेठी पत्नी अनिता कुमारी परियार को नाउमा कायम रहेका जग्गा सबैभन्दा नजिकको म एक मात्र पति हक आपुताली खाने अन्सियार भएको हुदाँ जग्गा नामसारी गरी पाउ भनी निवेदन प्राप्त भई रहेको जेठी पत्नी अनिता कुमारी परियार को मृत्यु मिति २०७२/०२/१८ र कान्छी पत्नी मथुरा कुमारी परियार मृत्यु मिति २०८३/०५/२१ रहेको आफ्नो कालगती ले मृत्यु भएको हो निज मृतक को म एक मात्र पति सबैभन्दा नजिक को हक आपुताली खान रहेका जग्गा निज निवेदक को नाउमा नामसारी को लागि माग दावी रहेको हुदाँ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र हक अंश लाग्ने अन्सियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई गएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्ने स्थानीय सरकार संचालन ऐन मालपोत को नाग मा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

जिल्ला	गा.वि.स/न.पा	वडा नं	कि.नं.	क्षे.फ
सप्तरी	धरमपुर	८ग	२०८	०-०-१२

IMPACT Nepal

आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था **इम्प्याक्ट नेपाल**का लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८३ मंसिर १६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

पद	काम गर्ने स्थान	संख्या	न्यूनतम योग्यता
प्राथमिक कान उपचार कार्यकर्ता	बारा/पर्सा/सप्तरी	५	CMA/HA

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वा इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र घुसुकपुर, कलैया (९८४५६००६००) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र गौर (०५५-५२०७७३) वा इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिने छ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसापत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*